बैठक संख्या ११        समयः बिहान ११ बजे        बैठक मिति २०७९।०४।२४

आज मिति २०७९ साल श्रावण २८ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दलजीत सिह धामी | अध्यक्ष | |
| २ | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष | |
| ३ | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री गणेश टमटा | कार्यपालिका सदस्य | गणेश |
| १० | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य | चन्द्रा |
| ११ | श्री जोगी टमटा | कार्यपालिका सदस्य | |
| १२ | श्री नरमा धामी | कार्यपालिका सदस्य | नरमा |
| १३ | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य | बसन्ती |
| १४ | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य | रुकमती |
| १५ | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रितः

श्री विमल सिंह धामी, का.स.

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

<u>प्रस्तावहरु:</u>

१. कार्यविधिहरु स्वीकृत गर्ने सम्वन्धमा।

२. होपरी लघु जलविद्युत आयोजनामा अर्थिङ गर्न वजेट विनियोजन गर्ने सम्वन्धमा।

३. समीक्षा गर्ने सम्वन्धमा।

४. निर्माणाधीन प्रशासकीय भवनको भित्तामा मेसिनरी पर्खाल निर्माण गर्ने सम्वन्धमा।

५. प्रशासकीय भवनको लागत साझेदारीको रकम सम्बन्धमा।

६. सामाजिक सुरक्षा भत्ता प्रयोजनका लागि लिइने सिफारिस र नाता प्रमाणितको दस्तुर सम्वन्धमा।

७. विविध।

पुष्कर सिंह सार्की
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १  प्रस्ताव न १ माथी छलफल गर्दा तपसिल अनुसारका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

क. हेभि यान्त्रिक उपकरण सञ्चालन सम्वन्धी कार्यविधि २०७९
ख. अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि २०७९
ग. नौगाड गाउँपालिका, सार्वजनिक खरिद नियमावली २०७९
घ. स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७९

निर्णय नं २  प्रस्ताव न २ माथि छलफल गर्दा होपरी गाडको लघुजलविद्युत आयोजनाको अर्थिङको लागी विपद व्यवस्थापन कोषवाट स्वीकृत लागत इस्टिमेट अनुसार रु १,५०,०००/- नियमानुसार खर्च गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ३  प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस अगाडिका कार्यपालिकाका बैठकको निर्णयहरुको कार्यान्वयन अवस्था अनुगमन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय न ४ प्रस्ताव न ४ माथि छलफल गर्दा निर्माणाधीन प्रशासकीय भवनको भित्तातिर मेसेनरी पर्खाल आवश्यक रहेकोले प्राविधिक स्टिमेटका आधारमा नियमानुसार मेसेनरी पर्खाल निर्माणका लागि मिल्ने शीर्षक वाट आवश्यक बजेटको व्यवस्था गर्न प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ०५  प्रस्ताव न ५ माथि छलफल गर्दा स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को दफा १२ को उपदफा २ बमोजिम तुलनात्मक रुपमा न्यून आय भएका मानव विकास सूचकाङ्कमा पछाडि परेका तथा दुर्गम र हिमाली क्षेत्रका गाउँपालिकाहरुलाई नेपाल सरकारले थप अनुदान उपलव्ध गराउने व्यवस्था रहेकोले, नौगाड गाउपालिका दुर्गम तथा हिमाली जिल्लाको गाउँपालिका भएको, वार्षिक ५० लाख भन्दा कम आय भएको र मानव विकास सूचकाङ्कमा समेत पछाडी रहेकोले निर्माणाधिन प्रशासकीय भवनको लागि थप अनुदान उपलब्ध गराईदिनका लागि नेपाल सरकारको सम्वन्धित निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

निर्णय न ६  यस नौगाड गाउँपालिकाको आर्थिक ऐन २०७९ मा सामाजिक सुरक्षा भत्ता प्रयोजनका लागि लिइने सिफारिस र नाता प्रमाणितको दस्तुर सम्बन्धी द्विविधा उत्पन्न भएकोले, सामाजिक सुरक्षा भत्ता बुझ्ने प्रयोजनका लागि लिइने सिफारिस र नाता प्रमाणितको दस्तुर निशुल्क गर्ने र सबै वडा कार्यालयहरुलाई जानकारी पठाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो।

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत